निर्णय नं. १

मिति २०८० साल चैत्र २८ गतेको नगरकार्यपालिकाको वैठकबाट भएका निर्णय कार्यान्वयन सम्बन्धमा समिक्षात्मक छलफल गर्दा निम्नानुसार पाइयो ।

一. स्वीकृत भएका निर्देशिका र कार्यविधी स्थानीय राजपत्रमा प्रकाशन भएको ।

二. कोशी प्रदेश सरकारको पोर्टलमा समपुरक अनुदानका लागि योजना सँग सम्बन्धित विवरण प्रविष्ट गरिएको

三. वडा स्तरीय योजना/कार्यक्रमको शीर्षक परिवर्तन पश्चात कार्यान्वयन भएको ।

四. ५८ वर्ष उमेर नाधेका करारमा कार्यरत कर्मचारीलाई अवकास दिएको

五. भूमि वर्गिकरण छुट निर्णय मालपोत कार्यलय र नापी कार्यालय पठाइएको ।

六. होम वायो ग्यास जडानमा इच्छुक व्यक्तिका लागि सूचना प्रकाशन भएको ।

七. स्वास्थ्य संस्था सञ्चालनका लागि तयारी भइरहेको ।

निर्णय नं. २

विश्वबैंकको सहयोगमा धनकुटा नगरपालिका-१ हिले (पडेश्वर मन्दिर)-भिरगाउँ-मधुगंगा सडक स्तरोन्नति कार्यका लागि विद्युतीय वोलपत्रका माध्यमबाट रु ४३,३७,७४,२३८/- को वोलपत्रमाग सूचना प्रकाशन भइ रु ३२,७७,४३,८६८।४ (मू.अ.कर सहित) मा ठेक्का सम्झौता भइ बचत रहन गएको रकम रु १०,६०,३०,३६९।६० बाट उपरोक्त सडकको विस्तृत परियोजना प्रतिवेदन तयार भइ सकेको भिरगाउ मधुगंगा खण्डको सडक स्तरोन्नतिका लागि हाल निर्माण कार्य भइरहेको सम्भौता भइ सकेको ठेक्काको भेरिएशन गरी भिरगाउ मधुगंगा खण्डको निर्माण कार्य अगाडी बढाउने र सहमतिका लागि Nepal Urban Governance and Infrastructure Project (NUGIP) समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय कोशी प्रदेश विराटनगरको च.नं. १५२९ मिति २०८१/०२/०२ को बजेट सुनिश्चत गरी कार्यक्रमका लागि प्रस्ताव गर्ने सम्बन्धको प्राप्त पत्रानुसार धनकुटा नगरपालिकाको तर्फबाट रु १०.००,०००।- बजेट सुनिश्चित गर्ने गरियो ।

निर्णय नं. ४

अस्मी एण्ड अमिसा कन्स्ट्रक्सनले गिटी वालुवा कर संकलन तथा विक्री ठेक्काको रकम छुट गरीपाउ भनी दिएको निवेदन अजको वैठकमा पेश भइ छलफल हुदा निवेदकको माग सम्वन्धमा के भएको हो तथा यस सम्वन्धमा के गर्न सकिन्छ अध्ययन गरी अगामी कार्यपालिकाको वैठक अगाडी नै प्रतिवेदन पेश गर्न निम्नानुसारको समितिलाइ जिम्मा दिने निर्णय गरियो ।

<u>निम्न</u>

संयोजक श्री टंकप्रसाद रोइला

सदस्य श्री रस वहादुर राइ

सदस्य श्री मनकला लङ्वा लिम्वु

सदस्य श्री मिङ्मा दोर्जी सेर्पा

सदस्य सचिव श्री राजु गुरागाइ

निर्णय नं. ५

<u>आय तर्फ</u>

आ.व. २०८१/२०८२ को बजेट तथा कार्यक्रम तर्जुमा गर्न आय तथा चालु आ.व. ०८०/०८१ बाट २०८१/२०८२मा दायित्व सर्न जाने रकम छलफल गरी निम्नानुसारको रकम तय गरियो ।

| | |
|---|---|
| सशर्त अनुदान | रु ६,८४,००,०००।- |
| सडक वोर्ड | रु ९०,००,०००।- |
| समपुरक अनुदार (संघ) | रु १,०५,००,०००।- |
| विशेष अनुदान (संघ) | रु २,७०,००,०००।- |
| समानीकरण अनुदान (संघ) | रु १२,७८,००,०००।- |
| समानीकरण अनुदान (प्रदेश) | रु ८०,३५,०००।- |
| राजश्व वाडफाड (संघ) | रु १०,५६,००,०००।- |
| राजश्व वाडफाड (प्रदेश) | रु ७६,९२,०००।- |
| घरजग्गा रजिष्ट्रेशन | रु ६०,००,०००।- |
| आन्तरिक आय | रु ८,०९,३५,७७२/- |
| जम्मा | रु १,०६,२९,६२,७७२।- |

<u>व्यय तर्फ</u>

| | |
|---|---|
| चालु आ.व. को दायित्व आगामी आ.व. का लागि | रु ५,८६,७०,७७२।- |
| अनिवार्य गर्नुपर्ने कामका लागि | रु ५,६४,९२,०००।- |
| वडा सिलिङ्ग | रु ४,३५,००,०००।- |
| कार्यपालिका सदस्य योजना | रु १६,००,०००।- |
| नगरस्तरीय योजनाका लागि | रु १,०८,००,०००।— |
| प्रशासनीक खर्च | रु १६५००००००।- |

निर्णय नं. ६

आगामी आ.व. २०८१/०८२ को योजना तर्जुमा तालिका निम्नानुसार स्वीकृत गर्ने निर्णय गरियो ।

धनकुटा नगरपालिकाको २०८१ असार १० गते गर्नुपर्ने नगर सभाको तयारीका लागि स्वीकृत योजना तर्जुमा तालिका निम्नानुसार रहेको छ ।

- स्थानीय राजश्व परामर्श समितिको बैठक २०८१।०२।१६
- आगामी वर्षको नीति तथा कार्यक्रम तयारी २०८१।०२।३० सम्म
- बजेट अनुमान र सीमा निर्धारण समितिको बैठक २०८१।०२।३१
- कार्यपालिका बैठक २०८१।०२।३२ गते बिहान ८ बजे
- बजेट सिलिङ र मार्गदर्शन पठाउने २०८१।०२।३२
- टोल बस्तीस्तरमा योजना छनोट २०८१।०३।२ सम्म
- वडा सभा २०८१।०३।३
- वडासभाबाट स्वीकृत कार्यक्रम नगरपालिकामा पठाउने मिति २०८१।०३।४

- गैसस तथा विकास साझेदारसँग बैठक २०८१।०३।०५
- विषयगत समिति/शाखाबाट विषयगत क्षेत्रगत योजनाको प्राथमिकीकरण तथा सांकेतिकरण २०८१।०३।०६ सम्म
- आर्थिक विधेयकको तयारी २०८१।०३।०६ सम्म
- बजेट तथा कार्यक्रम तर्जुमा समितिको वैठक २०८१।०३।०७
- विनियोजन विधेयकको खाका तयारी २०८१।०३।०८ सम्म
- कार्यपालिका बैठक २०८१।०३।०९

नगरसभाको बैठकमा नीति, बजेट तथा कार्यक्रम पेश ०८१।०३।१०

निर्णय नं. ७

आर्थिक वर्ष २०८१/२०८२का लागि वडागत बजेट सिलिङ्ग र योजना तर्जुमा मार्गदर्शन निम्नानुसार स्वीकृत गरी वडालाई उपलब्ध गराउने निर्णय गरियो ।

निम्न

वडास्तरीय बार्षिक बजेट तथा योजना तर्जुमा गर्दा तपसिलबमोजिम क्षेत्र र उपक्षेत्रहरू छुट्याई योजना तथा कार्यक्रम निर्धारण गर्नु पर्नेछ । बार्षिक योजना तथा कार्यक्रमहरू छनौट गर्दा स्पष्ट खुल्ने गरी कहाँ, के, कति, कस्का लागि, कहिले छुट्टिने गरी गाउँ टोलस्तरबाट छनौट गरी वडा समिति हुँदै वडा सभाबाट पारित गरेर नगर कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।योजना तर्जुमाका क्षेत्रहरू निम्नानुसार रहने छन् ।

| क्षेत्र | उप-क्षेत्र |
|---|---|
| आर्थिक विकास | कृषि, उद्योग,पर्यटन, सहकारी, वित्तीय क्षेत्र, जलश्रोत तथा सिंचाइ,पशुपन्छी विकास, आपूर्ति, श्रम तथा रोजगारी, गरिबी निवारण |
| सामाजिक विकास | सामाजिक सुरक्षा तथा संरक्षण, युवा तथा खेलकुद, खानेपानी तथा सरसफाई, भाषा तथा संस्कृति, शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण |
| पूर्वाधार विकास | यातायात पूर्वाधार, भवन, आवास तथा सहरी विकास, उर्जा, पुनःनिर्माण, सम्पदा पूर्वाधार, सूचना तथा संचार, जल विद्युत |
| सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र | मानव संशाधन विकास, स्थानीय योजना तथा तथ्यांक प्रणाली,प्रशासकीय सुशासन,कानुन तथान्याय,शान्ति तथा सुव्यवस्था,संस्थागत क्षमता विकास |
| वन तथा वातावरण | वनतथा भुसंरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहोर मैला व्यवस्थापन, विपद् जोखिम न्युनीकरण, जल उत्पन्न प्रकोप नियन्त्रण |

| | |
|---|---|

१. जनसहभागिता जुटाउनु पर्ने योजना/कार्यक्रमहरूमा जनसहभागिता बार्षिक योजनाहरु तथा कार्यक्रमहरु छनौट गर्दा स्पष्ट खुल्ने गरी कहाँ, के, कति, कस्का लागि, कहिले हो सो छुट्टिने गरी गाउँ टोल स्तरबाट छनौट गरी वडा समिति हुँदै वडा सभाबाट पारित गरेर नगर कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ । संलग्न अनुसूची १ बमोजिम वडा समितिबाट स्वीकृत योजना तथा कार्यक्रमहरूको विवरण पठाउँदा "योजनाको नाम" महलमा उक्त योजना अन्तर्गत के काम गर्ने भनी स्पष्ट किटान गरी पठाउनु हुन ।साथै जनसहभागिता वापत जुटाउन पर्ने रकम अनिवार्य उल्लेख गरिदिनु हुन ।

(रकम लाखमा)

| वडा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रकम | ५० | ४५ | ४० | ४० | ४० | ४५ | ४५ | ४५ | ४५ | ४० |
| सन्चालन तथा विविध खर्च | ४६८००० | ३७२००० | ३७२००० | ३७२००० | ३७२००० | ३७२००० | ४३८००० | ३७२००० | ३७२००० | ३७२००० |

२. वडास्तरका वडा कार्यालय संचालनका लागि कार्यालय संचालन तथा मसलन्द र विविध खर्च हुनेछ ।

३. उल्लेखित बजेटबाट संचालन गरिने भौतिक पूर्वाधारतर्फ सकेसम्म कम्तिमा १ वटा वडाको गौरवको योजना छनौट गरी कम्तीमा ५ लाख विनियोजन गर्नुपर्ने छ । अन्य भौतिक निर्माण तर्फका योजनाहरू कम्तिमा १ लाख भन्दा कम लगानी नहुने गरी छनौट गर्नुपर्ने छ ।वडा स्वास्थ्य सस्था सञ्चालनका लागि कम्तीमा १ लाख सहभागीता रकम विनियोजन गर्नु पर्ने छ ।

४. तोकिएको समय भित्र २ नम्बरमा उल्लेख भएका क्षेत्र अनुसार बजेट र कार्यक्रम तयार गरी प्रिन्ट कपि र इलेक्ट्रोनिक कपि २०८०/३/४ गते भित्रमा प्रशासन योजना तथा अनुगमन शाखामा अनिवार्य रूपमा बझाउनु पर्ने छ ।

५. लक्षित तथा अन्य सामाजिक विकास अन्तर्गतका कार्यक्रमहरूको हकमा ५० हजार भन्दा कम नहुने गरी कार्यक्रम छनौट गर्नुपर्ने छ ।

६. सडक सम्बन्धी योजनाहरू भएमा नयाँ ट्र्याक खोल्ने कार्यलाई भन्दा सडक स्तरोन्नति गर्ने कार्यलाई प्राथमिकता दिनु पर्नेछ

७. दुइ वा दुइ भन्दा बढी वडाहरू जोड्ने सडक संजाल, खानेपानी जस्ता अत्यावश्यक पूर्वाधारहरू विस्तार गर्नु पर्ने भएमा २ वा २ भन्दा बढी वडाहरूको संयुक्त बजेट विनियोजन गरी सार्वजनिक खरिदका प्रक्रियाबाट निर्माण गर्न सकिनेछ ।

८. वडास्तरीय बजेटबाट कार्यालय संचालन तथा विविध खर्च जस्ता कार्यालय प्रयोजनका लागि खर्च गर्न पाईने छैन ।

९. कार्यपालिका सदस्यको सिफारिसमा सञ्चालन हुने योजना समेत वडावाट सिफारिस हुनुपर्ने छ ।

१०.योजना प्रथमिकीकरण गर्दा निम्न आधार लिनु पर्ने छ ।

१०.१ बाँझो रहेको जग्गामा खेती गर्ने, कृषि उत्पादन तथा उत्पादकत्व बढाउने, स्थानीय रोजगार सिर्जना हुने, स्थानीय स्रोत तथा साधनहरूको प्रयोग हुने, पशुपन्छी पालनमा बढावा दिने योजना,

१०.२ राजस्व अभिवृद्धिमा सहयोग पुऱ्याउने योजना,

१०.३ सेवाप्रवाह र सुशासन कायम गर्न सहयोग पुऱ्याउने योजना,

१०.४ शैक्षिक विकासमा योगदान दिने र निरक्षता उन्मुलन हुने योजना,

१०.५ दीगो विकास, वातावरण संरक्षण, जलवायु अनुकूलन, विपद् व्यवस्थापनमा सहयोग पुग्ने योजना,

१०.६ फोहरमैला व्यवस्थापन गर्ने योजना,

१०.७ आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,

१०.८ उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,

१०.९ जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,

१०.१० स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,

१०.११ स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,

१०.१२ महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,

१०.१२ लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने,

१०.१३ दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने,

१०.१४ पर्यटन भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने,

१०.१५ वडाले आवश्यक देखेका अन्य बिषयहरू,

१०.१६ प्राकृतिक प्रकोप तथा प्रकोप जन्य दुर्घटनाहरूलाई मध्यनजर गर्दै सबै वडाहरूले आ-आफ्नो वडा भित्रका सडक खुलाउने, सरसफाइ गर्ने, पहिरो पन्छाउने जस्ता सानातिना मर्मत संभारका कार्यहरूमा प्राथमिकता दिनु पर्नेछ,

१०.१७ सर्वसाधारण नागरिकको जिवन सुरक्षा, खाद्यान्न तथा आवास सुरक्षाका लागि त्रिपाल वितरण जस्ता कार्यहरूलाई समेत अनिवार्य रूपमा बजेट व्यवस्था गर्ने,

१०.१८ आ-आफ्नो बजेट सिलिङ्गभित्रका योजना तथा नगर स्तरीय कार्यक्रममा समावेश गर्न सिफारिस गरिएका योजनाहरूको ढाँचा अनुसुचि १ मा उल्लेख गरिएको छ,

धनकुटा नगरपालिका

वडा समितिबाट स्वीकृत योजना तथा कार्यक्रमहरूको विवरण

वडा नं .:

वजेट सिलिङ्ग रु.

| क्र.सं | विषयगत क्षेत्र | योजनाको नाम | नयाँ ,क्रमागत मर्मत सम्भार | प्राथमिकता क्रम | अनुमानित लागतर सो को प्रस्तावित स्रोत | | | | लाभान्वित घरधुरी | | | | | | लैगिंकलाभान्वित | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | वडा स्तर | नगरस्तर | जन सहभागिता | जम्मा | दलित | आदिवासी | जनजाती | पिछडिएको वर्ग | अन्य | जम्मा | महिला | पुरुष | जम्मा | |
| | | | | | | | | | | | | | | | | | | |

नोटः -माथि उल्लेखित विवरणहरु सम्वन्धित क्षेत्रका पदाधिकारी वा सदस्यहरुसंग छलफल गरी स्वीकृत भएको आधारमा तयार पारिएको हो । उल्लेखित योगदानमा म र हामी प्रतिवद्धता जाहेर गर्दछौं ।

नामः पद सस्था हस्ताक्षर मिति

निर्णय नं. ८

विश्व बैंकको आर्थिक सहयोगमा धनकुटा नगरपालिका-१ हिले (षडेश्वर मन्दिर)-भिरगाउँ-मधुगंगा सडक स्तरोन्नति कार्यवाट धनकुटा नगर कार्यपालिकाको कार्यालयलाइ प्राप्त हुने कन्टिन्जेन्सी रकमबाट निम्नानुसारका अत्यावश्यक कार्यहरुमा खर्च गर्ने निर्णय गरियो ।

一. प्रविधिक Equipment खरिद
二. नगरकार्यपालिकाको कार्यालयका लागि अफिस टेवल, कुर्सि, दराज,ल्यापटप डेक्सटप कम्प्युटर, फोटोकपि मेसिन आदी खरिद
三. नगर कार्यपालिकाको बैंठक कक्ष व्यवस्थापनका लागि टेबल र कुर्सी खरिद
四. नगर कार्यपालिकाको सभाहलका लागि कुर्सि, टेवल सहित सभाहल व्यवस्थापन

निर्णय नं. ९

धकुटा नगरपालिका वडा नं. ६ को चालु आ.व को स्वीकृत कार्यक्रम व.शी.नं. ३११५१ सरसफाइ तथा सडक स्तरोन्नती शीर्षकमा स्वीकृत रकम रु १,००,०००।- लाइ शीर्षक परिवर्तन गरी वडा स्तरीय स्वास्थ्य संस्था सञ्चालनका लागि औषधी खरिद कायम गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं १०

धनकुटा नगरपालिका-१० मा २०४५ देखि महिला स्वयम सेविकाका रुपमा कार्यरत श्री जानुका कार्की २०८० जेठ २३ मा ६० वर्ष पुरा भइ अनिवार्य अवकास हुनु भएको हुनाले धनकुटा नगरपालिकाको तर्फबाट सम्मान स्वरुप रु २०,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ११

धनकुटा नगरपालिकाको स्थानीय राजश्व परामर्श समितिको २०८१/०२/१४ गतेको बैठकबाट भएका निर्णय आजको बैठकमा पेश भइ छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो

一. नगरपालिकाका व्यापारिक भवन, पसल कवल, चमेना गृहहरको महालेखा परिक्षकको प्रतिवेदना, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अख्तियार दुरुपयोग निवारण आयोग समेतबाट लेखि आए अनुसार प्रतिस्पर्धातात्मक विधीबाट ठेक्का बन्दोवस्तका लागि सूचना प्रकाशन भइ सकेकोले उक्त निर्णय अनुमोदन गर्ने ।
二. ठेक्का वन्दोवस्तका लागि सूचना प्रकाशन भएका भवन, पसल कवलहरुको २०८०/८१ असार मसान्त भन्दा अगाडी म्याद समाप्त हुने भएमा सो म्याद २०८१ असार मसान्त सम्मका लागिसिवककै भाडा दरमा म्याद थप गर्ने ।
三. ढुङ्गा गिटी, वालुवाको संकलन तथा बिक्रि गर्ने ठेक्का वन्दोवस्त गर्नुपुर्व नगरपालिका क्षेत्र भित्रका खोलाहरुको प्रारम्भिक वातावरणीय परिक्षण गर्ने ।

निर्णय नं. १२

धनकुटा नगरपालिकाको आर्थिक वर्ष २०८१/२०८२ को योजना तथा कार्यक्रम सञ्चालनका लागि निम्नानुसारको नीति तथा कार्यक्रम स्वीकृत गरी अनुमोदनका लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निम्न

## उपप्रमुखज्यू,

## नगरसभा सदस्यज्यूहरू,

## अतिथिज्यूहरू,

## कर्मचारी तथा पत्रकार मित्रहरू !

一. स्थानीय तहको दोस्रो निर्वाचन पछिको २ बर्षको अवधि समाप्त भए सँगै तेस्रो बर्षको नगरसभाको यस बैठकमा आ.व. २०८१/०८२ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा मैले गौरवको अनुभुति गरेको छु ।

二. राष्ट्रलाई निरङ्कुश सामन्ती शासन प्रणालीको अँध्यारो कालखण्डबाट जनताकै प्रतिनिधि मार्फत राज्यसञ्चालन गर्ने सङ्घीय लोकतान्त्रिक गणतन्त्रको उज्यालो युगमा पुऱ्याउन जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दछु । राष्ट्रियता, राष्ट्रिय हित एवम् स्वाभिमान, लोकतन्त्र र जनजीविकाको आन्दोलनको नेतृत्व गर्नुहुने अग्रजहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु । नेपाली समाजको रुपान्तरणमा उहाँहरुले पुऱ्याउनु भएको योगदानको स्मरण गर्न चाहन्छु ।

三. धनकुटा नगरपालिकाको समग्र विकास तथा सेवा प्रवाहको लागि नविन र रूपान्तरणकारी योजना तथा कार्यक्रम सञ्चालन गर्नु आजको आवश्यकता हो । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ तथा प्रदेश सरकारको आवधिक योजना, दिगो विकास लक्ष्य, नगरवासीको चाहना तथा सरोकारवाला पक्षहरुको सुझाव समेतका आधारमा *धनकुटा नगरः स्वच्छ, सुन्दर, समुन्नत सहर*बनाउने संकल्पका साथ आगामी आर्थिक बर्ष २०८१/८२ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

आर्थिक वर्ष २०८०/०८१ को नीतिको समीक्षा

四. धनकुटा नगरपालिकाले दोश्रो निर्वाचन पछि हामीले जिम्मेवारी सम्हालेको २ वर्षको अवधिमा उत्साहजनक उपलब्धि हासिल भएको छ । यस अवधिमा भौतिक प्रगति, सामाजिक तथा आर्थिक विकास, फोहरमैला ब्यवस्थापन, गरिवी निवारण र शैक्षिक गुणस्तर सुधारमा गरेको प्रगति नगरले अवलम्बन गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारिताको परिणाम हो । यी उपलब्धिहरूले स्वच्छ, सुन्दर र समुन्नत नगर निर्माणको लागि बलियो आधारशिला प्रदान गरेका छन् ।

五. नगरका ग्रामीणक्षेत्रहरुमा आर्थिक, सामाजिक र पूर्वाधार विकासमा प्राथमिकताका साथ कार्यहरु गरिएका छन् । धनकुटा नगरपालिकालाई स्थानीय सरकारको रूपमा संस्थागत विकास गर्दै लैजान आवश्यक कानूनहरुको तर्जुमा गरी लागु गरिएको छ। नागरिकको घरदैलोसम्मको सेवालाई चुस्त, प्रभावकारी, नतिजामुखी र जनउत्तरदायी बनाउन नगर तथा नगरका सबै वडाबाट प्रभावकारी ढंगले सेवाप्रवाह भएको छ ।

六. धनकुटा नगरपालिका क्षेत्रभित्र चालु आ.ब. मा पूर्वाधार क्षेत्रमा जम्मा ६८२ वटा योजनाहरु सम्पन्न भएका छन् ती मध्ये ३७७ नगर स्तरीय २९५ वडा स्तरीय रहेका छन् । यी योजनाहरुबाटCumulative रूपमा ८१०० महिला र ९४०० पुरुष गरी कुल १७५०० लाभान्वित भएका छन् । यसबाट नगरपालिका क्षेत्रभित्र २९७६९ दिन रोजगारी सृजना भएको छ ।

七. गरिब घरधुरी सर्वेक्षणबाट प्राप्त तथ्याङ्कका आधारमा ८७५ घरधुरीहरूलाई अति, मध्यम र सामान्य गरिव परिवारमा वर्गीकरण गरी वडा कार्यालयबाट विपन्न परिचयपत्र वितरण गरी सकिएको छ।

八. लघु उद्यम समूहमा आवद्ध १२१जना उद्यमीलाई सीपमूलक तालिम दिई आयआर्जनमा सहभागी गराई २८० जनालाई उद्यमशीलता विकास तालिम प्रदान गरिएको छ

九. सुरक्षीत वैदेशिक रोजगारीका लागि परामर्श सेवा ८५२ जनालाइ, वैदेशिक रोजगारी सम्वन्धि केश व्यवस्थापन ११ वटा र अनलाइन श्रम स्वीकृती १७ वटा भएका छन ।

नगरसभा सदस्यज्यूहरू

十. धनकुटा नगरः स्वच्छ, सुन्दर, समुन्नत सहर भन्ने नगरको मूल नारालाई साकार पार्न नगर क्षेत्रलाई नेपालकै उत्कृष्ट, समृद्ध, व्यवस्थित, प्रविधिमैत्री, सुन्दर एवम् सफा हराभरा नगर बनाउन समग्र नीति तथा कार्यक्रमबीच उचित तालमेलगर्दै देहायका रणनीति आधार र पक्षहरुलाई ध्यानमा राखी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

(क) शिक्षा र स्वाथ्य सेवामा गुणात्मक सुधार गर्ने, कृषि तथा औद्योगिक उत्पादन वृद्धि गर्न रविकास निर्माण कार्यलाई तिव्रता दिने कार्यक्रमहरु कार्यान्वयन गरिने,

(ख) वैदेशिक रोजगारी गुमाएका श्रमिक, किसान, असहाय व्यक्ति, विपन्न वर्गका परिवारलाई लक्षित गरी स्वास्थ्य, शिक्षा, लामो तथा छोटो अवधिका सिप विकास तालिम र रोजगारी एवम् आयआर्जन सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरीने,

(ग) भौतिक पूर्वाधार निर्माणका कार्यहरु दिगो तथा ब्यवस्थित गरिने र बहुबर्षे योजनाहरु सम्पन्न गरिसकेपछि मात्र नयाँ योजनाहरु सञ्चालन गरिने,

(घ) वडास्तरमा स्वास्थ्य संस्था सञ्चालनका लागि नगर र वडाको सहभागितामा औषधी व्यस्था,स्वास्थ्य सुरक्षा उपकरण र स्वास्थ्यकर्मीहरुको प्रयोगको व्यवस्था तथा परिचालन गरिने,

(ङ) नगरमा रहेका बेरोजगार तथा वैदेशिक रोजगारीमा गएका तथा फर्किएका ब्यक्तिको तथ्याङ्क संकलन गरी अभिलेख व्यवस्थापन गरिने,

(च) युवाहरुलाई लक्षित गरी स्वरोजगार तथा आत्मनिर्भर हुने गरी कृषि, पशुपालन, उद्योग व्यवसायको व्यावसायीकरणमा विशेष प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिने,

(छ) आर्थिक क्रियाकलाप चलायमान हुने, रोजगारी सिर्जना हुने, स्थानीय बजारमा खपत हुने वस्तुहरुको उत्पादनमा जोड दिने खालका योजनाहरु सञ्चालन गरिने,

(ज) धनकुटा नगरपालिका र विभिन्न सरोकारवाला निकाय विकास साझेदार लगायत द्विपक्षिय बहुपक्षिय परियोजना/कार्यक्रम सँगको साझेदारीमा आवधिक योजना, यातायात गुरु योजना, सडक इन्भेन्ट्री जस्ता कार्य सम्पादन गरिनेछ ।

(झ) विकास साझेदार सँगको समन्वय र सहभागितामा दीगो विकासका लक्ष्यहरुको स्थानीयकरण गरिने छ ।

**स्वास्थ्य, शिक्षा, खेलकुद तथा सामाजिक विकास**

११. नगरमा रहेको एकमात्र जिल्ला अस्पतालको स्तरोन्नती तथा विकासका लागि नगर विकास समितिको जग्गा उपलब्ध गराउने व्यवस्था मिलाइ संघ तथा प्रदेश सरकारसँग समन्वय, सहकार्य गरी अस्पताल निर्माण कार्का लागि समन्वय गरिदै आएकोले यसलाई निरन्तरता दिइनेछ ।

१२. स्वास्थ्य सेवामा गरिब सीमान्तकृत, दलित, महिला बालवालिका, ज्येष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका तथा दीर्घ रोगीहरुको पहुँच बढाउन स्वास्थ्य शिविर, विशेषज्ञ स्वास्थ्य जाँच कार्यक्रम जस्ता लक्षित कार्यक्रम तय गरी लागु गर्न पहल गरिनेछ ।

१३. प्रत्येक वडामा रहेका स्वास्थ्य चौकी सञ्चालन गरी अत्यावश्यक सेवा वडावाटै उपलव्ध गराईनेछ । आवश्यक औषधि तथा खोपको वितरण समूचित रूपमा गराई विद्यमान स्वास्थ्य संस्थाको विकास र विस्तार गरी आधारभूत स्वास्थ्य सेवामा सवैको पहुँच कायम गरिनेछ ।

१४. नगरपालिकाबाट सञ्चालित एम्बुलेन्स मार्फत सुत्केरी महिला, अपाङ्ग तथा ज्येष्ठ नागरिकहरुलाई सहज स्वास्थ्य उपचारको लागि नगरक्षेत्र भित्र निःशुल्क उपलब्ध भइरहेको एम्बुलेन्स सेवा लाइ निरन्तरता दिइनेछ । विपन्न वर्गलाई दिइएको विशेष छुटलाई निरन्तरता दिइनेछ ।

१५. समुदायमा आधारित आमा समूह, टोल विकास संस्था, युवा क्लबजस्ता संघसंस्थाहरु सँग साझेदारी र समन्वय गरी स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाईने छ ।

१६. सेनिटरी ल्याण्ड फिल्ड साइडको प्रभावित क्षेत्रका नगरवासीहरुलाई स्वास्थ्य बीमा कार्यक्रममा समेट्ने कुरालाइ निरन्तरता दिइनेछ

१७. सन् २०३० सम्ममा नगरलाई **क्षयरोग मुक्त नगर** घोषणाका लागि समन्वयात्मक रूपमा विविध कार्यक्रम सञ्चालन गरिनेछ ।

१८. वडामा निर्माण भएका स्वास्थ्य भवनहरु नगरपालिका र वडा कार्यालयको लागत साझेदारीमा औषधी तथा अन्य अत्यावश्यक उपकरणको व्यवस्था मिलाइ सञ्चालनमा ल्याइने छ ।

十九. धनकुटा नगरपालिका र वडा कार्यालयहरुको लागत साझेदारीमा नगरवासीहरुको स्वास्थ्य विमा गर्न पहल गरिने छ ।

**नगरसभा सदस्यज्यूहरू**

二十. नगरपालिका भित्र रहेका सबै शैक्षिक केन्द्रहरुको स्तरोन्नति, पूर्वाधार निर्माण तथा जनशक्ति ब्यवस्थापन गरी विद्यार्थीहरुलाई ब्यवहारिक, नैतिकवान र जीवन उपयोगी शिक्षा प्रदान गर्ने खालको शिक्षा नीति धनकुटा नगरपालिकाको रहेको छ । तसर्थ गुणस्तरीय शिक्षाका लागि विद्यालयहरुमा योग्य, दक्ष र शिक्षण पेशामा प्रतिवद्ध शिक्षक ब्यवस्था गरिनेछ ।

二十一. उच्च शिक्षा अध्ययन गर्न चाहने विपन्न वर्गको विद्यार्थीलाई छात्रवृति प्रदान गर्ने व्यवस्था मिलाइनेछ । प्राविधिक क्षेत्रमा क्षमता र दक्षता भएका विद्यार्थीहरुलाई प्रोत्साहित गर्ने कार्यक्रम संचालन गरिनेछ ।

二十二. सबै विद्यालयहरुका शैक्षिक क्यालेण्डरमा एकरूपता ल्याइनेछ ।

二十三. विद्यालय समायोजन भई प्रयोगमा नआएका विद्यालय भवनलाई बाल विकास केन्द्र, सामुदायिक सिकाई केन्द्र तथा समुदायद्धारा उपयोग तथा संरक्षण गर्ने व्यवस्था मिलाईनेछ ।

二十四. आधारभुत तह कक्षा ६-८ र माध्यमिक तहका छात्राहरुलाई सहज रूपमा सेनेटरी प्याड उपलब्धताको व्यवस्थालाई निरन्तरता दिइने छ ।

二十五. उच्च शिक्षा अध्ययन गर्न चाहने विपन्न वर्गको विद्यार्थीलाई छात्रवृति तथा प्राविधिक क्षेत्रमा क्षमता र दक्षता भएका विद्यार्थीहरुलाई प्रोत्साहित गर्ने कार्यक्रम संचालन गरिने छ ।

二十六. बालविकास केन्द्रका सहयोगी कार्यर्ता र विद्यालय कर्मचारीलाई आवश्यक तालिमको व्यवस्थाका लागि पहल गरिनेछ । वालबिकास सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीलाई उपलब्ध गराइ रहेकोप्रोत्साहनलाई निरन्तरता दिइएको छ ।

二十七. नेपालको संविधानले लैङ्गिक विभदेको अन्त्य गर्दै पछाडि परेको वर्ग तथा समुदाय, दलित, आदिवासी जनजाति, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, लैङ्गिगक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिकलाई राज्यको सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकको प्रत्याभूति गरेको छ । आर्थिक समृद्धि र दिगो विकासका लागि समान अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत, साधन, अवसर र लाभमा महिलाको समान पहुँच स्थापित गर्न सक्ने लक्षित कार्यक्रम सञ्चालन गर्ने नीति लिइने छ ।

二十八. लैङ्गिक उत्तरदायी बजेट विनियोजन र वजेट परीक्षण कार्यलाइ संस्थागत रूपमा अगाडी बढाइनेछ ।

二十九. नगरपालिका क्षेत्रमा मानव विकास सूचकाङ्कको आधारमा पछाडि परेका समुदायहरुको सशक्तिकरण गर्दै आर्थिक तथा सामाजिक रुपान्तरणका लागि लक्षित वर्गको जीविको पार्जनमा

सहयोग पुगर्ने खालका कार्यक्रम सञ्चालन गरिनेछ । सीप विकास तालिम सञ्चालन गरी नगर क्षेत्रमा उपलब्ध रोजगारीका अवसरहरुको उपयोगका लागि सक्षम बनाउने नीति लिइनेछ ।

三十. कुलत र दुव्र्यवहार न्यूनीकरण गर्न सरोकारवाला निकायहरु बीच समन्वय र सहकार्यका आधारमा सहभागितामा सचेतनामुलक कार्यक्रम सञ्चालनलाइ गरी निरन्तर अनुगमन गर्ने नीति लिइनेछ ।

三十一. संविधानले बालवालिकाको हकलाई मौलिक हकको रूपमा ब्यवस्था गरी बाल बचाउ, बाल संरक्षण, बालविकास र बाल सहभागिता जस्ता विषयहरुलाई समेटेको छ । नगर क्षेत्रमा रहेका वालवालिकाहरुको तथ्याङ्क संकलन गरी वडा र नगरको संयुक्त पहलमा बालमैत्री नगर घोषणाका लागि पूर्वाधार तयार गरिनेछ ।

三十二. बालवालिका तथा किशोर किशोरीहरुलाई सबै प्रकारको हिंसा, दुव्र्यवहार र शोषणबाट मुक्त गराउदै उनीहरुको हक अधिकारको उपयोग सहजरूपमा गर्न सक्ने र सक्षम नागरिकको रूपमा तया गर्न पहल गरिनेछ।

三十三. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत जेष्ठ नागरिक, एकल महिला, दलित बालवालिका, अपाङ्गता भएका व्यक्तिले प्राप्त गर्ने मासिक सुविधा वैंक खाता मार्फत सहज रूपमा उपलब्ध गराउने ब्यवस्थालाइ निरन्तरता दिइनेछ ।

三十四. जेष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई नगर क्षेत्रको विकासमा प्रयोग गर्ने नीति लिइनेछ । जेष्ठ नागरिक लक्षित कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।

三十五. धनकुटा नगरपालिका र कोशी प्रदेश सरकारको लागत साझेदारीमा अपाङ्गता पुनस्थापना कार्यक्रम सञ्चालन गरी अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा सामाजिक सशक्तिकरणमा जोड दिइनेछ ।

三十六. नगर क्षेत्र भित्रका भौतिक संरचनालाई अपाङ्गतामैत्री बनाउने नीति लिइनेछ । सवै प्रकारको अपाङ्गता भएका व्यक्तिको सहज जीवनयापनका लागि पुनःस्थापना, स्वास्थ्योपचार र सहायक सामग्रीहरुको व्यवस्था गर्न सरोकारवाल निकायसँग सहकार्य गरिनेछ

三十七. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटनादर्ता प्रणाली सुदृढीकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

三十八. स्थानीय संस्कृति तथा सम्पदालाई असर गर्ने सवैखाले गतिविधि रोकथाम नियन्त्रण र नियमन गरिनेछ ।

三十九. नगरपालिका भित्र बसोबास गर्ने विभिन्न जातजातिमा आधारित भाषा, संस्कृति, सम्पदा तथा परम्पराको संरक्षण कार्यमा जोड दिइनेछ

四十. आदिवासी जनजाति तथा विपन्न वर्गको जग्गा दृष्टिबन्धक फुकुवाका लागि प्रथम चरणमा पहिचान भएका लाभग्राहीको जग्गा फुकुवाका लागि कार्यक्रम सहित थप प्रयत्न गरिनेछ ।

四十一. खानेपानीको स्रोत संरक्षण तथा उपयुक्त पुर्वाधार विकास गरी खानेपानीको आपुर्ति व्यवस्था सहज बनाउन खानेपानी उपभोक्ता समितिसँग समन्वय गरिनेछछ।इसिमोड तथा साझेदार निकायहरुसँगको साझेदारीमा **निबुवा–तांखुवा जलाधार ब्यवस्थापन योजना**क्रमशः कार्यान्वयन गर्दै लगिनेछ।

四十二. नगर क्षेत्रभित्र सञ्चालित खानेपानीका नयाँ तथा क्रमागत आयोजनाहरुलाई यथासिघ्र सम्पन्न गर्न नेपाल सरकार तथा प्रदेश सरकारका विषयगत मन्त्रालयहरुसँग समन्वय र सहकार्य गरिनेछ । नगर क्षेत्रमा रहेको पिउने पानीको समस्या समाधान गरी उचित वितरणको व्यवस्था मिलाउन नेपाल सरकार खानेपानि मन्त्रालयमा आवश्यक समन्वय गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखिनेछ ।

四十三. स्थानीय सरोकारका मुद्दामा साझा ऐक्यवद्धता जनाउन क्रियाशील राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँगको आवद्धतालाई निरन्तरता दिइनेछ ।

四十四. स्वास्थ्यको लागि खेलकुद, राष्ट्रको लागि खेलकुदको अवधारणालाई सार्थकता तुल्याउन खेल पूर्वाधारको निर्माण, स्तरोन्नती, सिकाई, प्रतियोगिता आदिको आयोजना गरिने छ ।

四十五. नगरक्षेत्रमा सञ्चालन हुने अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरका खेलकुद प्रतियोगितालाई सहयोग गर्ने तथा नगर क्षेत्रका उत्कृष्ट खेलाडीहरुलाई सम्मान र प्रोत्साहन गर्ने नीतिलाई निरतन्तरता दिइनेछ ।

四十六. मेयर कप/उपमेयर कप खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

पूर्वाधार विकास

四十七. नगरको आर्थिक सामाजिक विकासलाई गति प्रदान गर्दै सर्वसाधारणको सहज पहुँचका अतिरिक्त व्यापार, ब्यवसाय तथा सेवा क्षेत्रलाई सहजीकरण गर्न यातायात क्षेत्रको अहम् भूमिका रहन्छ । सडक तथा यातायातको व्यवस्थित सञ्जालको विकासबाट मात्र सामाजिक आर्थिक मूल प्रवाहीकरण र नगर क्षेत्रको क्षेत्रगत समग्र विकासको आधारशीला तयार पार्न सकिन्छ ।

四十八. सडक तथा यातायात क्षेत्रको विकासमा वडा कार्यालयबाट नगरपालिका कार्यालय जोड्ने सडकहरु, अन्तर वडा कार्यालयहरू जोड्न सक्ने सडकहरु, धार्मिक तथा पर्यटकीय क्षेत्र पहुँच सडकहरु, कृषि सडकहरु तथा राजमार्ग जोड्ने सडक स्तोरोन्नती गर्ने कार्यलाइ उच्च प्राथमिकतामा राखि कार्यक्रम तय गरिनेछ ।

四十九. सडक पूर्वाधार निर्माण र विकासमा संघ तथा प्रदेश सरकारका विषयगत मन्त्रालयहरुसँग बजेट विनियोजन तथा लगानीमा सहकार्य र साझेदारी तथा समन्वय कायम गर्ने नीति लिइनेछ ।

五十. सडक तथा यातायात विस्तार गर्दा पानीका श्रोत, वनजंगल, प्राकृतिक स्रोत तथा धार्मिक क्षेत्र विस्थापित नहुने गरी डिजाइन गरिनेछ

五十一. त्रिवेणी - याक्चना सडक, विहिबारे हाट– मधुगंगा सडक, निगाले–उत्तरपानी सडक, सल्लेरी वरवोटे–बाघेखोला सडकको बाँकी भाग, रत्नरिङ्गरोड–जौटार सडक, हिले–ओकमालुङ्ग सडक, मार्गा-पारिपात्ले-कागते-स्याउले भिरगाउँ सडक,घुमाउने चौतारा–टेकुनाला सडक, पात्लेखोला–बरबोटे सडक स्तरोन्नतीलाई उच्च प्राथमिकतामा राखिने छ ।

五十二. नगरवासीका आकस्मिक समस्याहरु तथा योजनालाई सम्बोधन गर्न सञ्चालनमा रहेको जनताको अपेक्षा, नगरको सुभेक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

आर्थिक विकास

五十三. विभिन्न साझेदार निकायहरुको समन्वयमा **धनकुटाको एभाकाडो**लाई खेती विस्तार, बिरुवा उत्पादन, रोगको अध्ययन र उपचार विधिको पहिचान गर्ने कार्यलाइ प्राथमिकतामा राखिनेछ ।

五十四. सरोकारवाला निकायसँग समन्वय र सहकार्य गरी नगरपालिकाले लागत साझेदारी गर्दै धान, मकै, तरकारी, फलफूल र पुष्प व्यवसाय पकेट क्षेत्र विस्तार गरी कृषकको आय बृद्धिका लागि पहल गरिनेछ ।माटो तथा गोबर परीक्षण कार्यक्रम सञ्चालन गर्दै कृषि तथा पशुपन्छी पालन क्षेत्रको उत्पादनमा बृद्धि गरिनेछ ।

五十五. जलवायु परिवर्तनका कारण उत्पादनमा ह्रास आएका क्षेत्रमा कृषकहरुलाई ब्यवसायिक कृषि उत्पादनमा जोड दिने खालको कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।

五十六. नगर भित्रको किसान सूचीकरणको कार्यक्रमलाई सम्पन्न गरिनेछ ।

五十七. प्राविधिकहरु गोठ तथा फर्ममा पुगी पशुपंक्षी सम्बन्धि सेवा दिने व्यवस्था मिलाईनेछ ।

五十八. कृषिलाई ब्यवसायिकरण गर्नका लागि नगरमा रहेका नर्सरीको सुदृढीकरण गरिनुका साथै टनेल तथा थोपा सिंचाई जस्ता प्रविधिहरुको विस्तारको लागि पहल गरिने छ ।

五十九. कृषि उपजमा किटनाशक औषधिको प्रयोगलाई निरुत्साहित गर्दै जैविक विषादी र प्राङ्गारिक मलको प्रयोग गरी अर्गानिक उत्पादनमा बढावा दिई सहभागिता मूलक प्रयन्त गरिनेछ।

六十. नेपाल राष्ट्र बैंकको मौद्रिक नीति अनुसार कृषिमा सहुलियतपूर्ण व्याजदरको सुविधालाई नगरपालिका जमानतमा बसी बैंक तथा वित्तीय संस्थाद्वारा ऋण उपलब्ध गराउन पहल गरिने छ ।

六十一. साना तथा निर्वाहमुखी पशुपालन गर्ने कृषकलाई दाना, घाँस, गोठ, खोर निर्माणमा अनुदान दिने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

六十二. सरोकारवालाहरुको साझेदारीमा फलफुल तथा तरकारी संकलन केन्द्र, दुग्ध संकलन तथा भण्डारणका लागी चिलिङग सेन्टर, शीतभण्डार स्थापनाको लागि पहल गरिनेछ ।

六十三. सार्वजनिक वनक्षेत्र, सडक तथा राजमार्गको किनारा र उपयोग विहिन सार्वजनिक सरकारी जमिनमा फलफुल र अन्य बिरुवा रोप्ने र संरक्षण गर्ने कार्यक्रमलाइ निरन्तरता दिइनेछ।

六十四. लागत साझेदारीमा पशुपालन व्यवसाय प्रवर्द्धन गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

六十五. छुर्पी प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

六十六. साना सिचाई परियोजनासँगको साझेदारीमा कृषि उत्पादन बढाउने उद्धेश्यका साथ कुलो निर्माण गरी थप सिँचाई उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

**नगरसभा सदस्यज्यूहरू,**

六十七. पर्यटन गन्तव्यहरूलाई एकीकृत गरी पर्यटन प्याकेजको निर्माण गरी पर्यटकलाई आकर्षित गर्ने नीति अवलम्वन गरिने छ ।

六十八. आन्तरिक पर्यटनका लागि पार्कको निर्माण, भ्यूटावरको सञ्चालन तथा ब्यवस्थापन गरिनेछ।

六十九. मुलघाट-टेकुनाला पदमार्ग निर्माणको कार्यलाई निरन्तरता दिइनेछ ।

七十. विभिन्न पर्यटकीय स्थानमा पूर्वाधार निर्माण गरी होमस्टे, प्राचीन संस्कृतिको प्रदर्शनी लगायतका क्रियाकलाप सञ्चालन गरिनेछ ।

七十一. आठपहरिया जातिको मौलिक विशेषता झल्कने गरी निर्माण भइरहेको आठपहरिया संग्राहलयलाई सम्पन्न गरिनेछ ।

七十二. धार्मिक तथा पर्यटकीय स्थलहरुमा पर्यटकिय पूर्वाधार निर्माणका लागि संघीय सरकार र प्रदेश सरकारसँग लागत साझेदारीको लागि पहल गरिने छ । बक्रकुण्ड मन्दिर, मार्गाथान, चुलीवन क्षेत्र लगायतका धार्मिक तथा सांस्कृतिक स्थलहरुको विकासको लागि आवश्यक पहल गरिनेछ

七十三. धनकुटा बसपार्कमा **डिजिटल पर्यटन सूचना केन्द्र**को स्थापना भइ सकेकोले यसलाइ व्यवस्थित रूपमा सञ्चालन गरिनेछ ।

七十四. वचत तथा ऋणको कारोबार गर्ने सहकारी मा भएको नगरवासीको रकम फीर्ताका लागि समन्वयात्मक पहल गरिनेछ।

七十五. संकटग्रस्त सहकारीलाई संघर प्रदेशसँगको समन्वयमा प्रभावकारी ब्यबस्थापनको लागि संस्थागत प्रबन्ध मिलाई सुधारका आवश्यक कार्य गरिनेछ।

七十六. नगरपालिका र सहकारीबीचको सहकार्यमा विभिन्न सीपमूलक तथा उत्पादनमूलक कार्यहरु अगाडी बढाई रोजगारीको सिर्जना गरिनेछ ।

七十七. सहकारी तथा गरिवी निवारण व्यवस्थापन सूचना प्रणाली(COPOMIS) को प्रभावकारी ब्यवस्थापन गरी सहकारी संस्थाहरुको सूचना ब्यवस्थापन सम्बन्धी कार्य गरिनेछ ।

७८. सहकारी क्षेत्रको क्षमता अभिबृद्धिका लागि सहकारी शिक्षा, नेतृत्व विकास र कार्यालय व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।

७९. वैदेशिक रोजगारीलाई सुरक्षित बनाउनका लागि परामर्श सेवा दिन तथा विदेशबाट फर्किएका ब्यक्तिहरुलाई स्वदेशमा नै आयआर्जनमा जोड्नका लागि समन्वयात्मक भूमिका निर्वाह गर्न **आप्रबासी श्रोत केन्द्र**लाई धनकुटा जिल्लाका अन्य स्थानीय तहहरुलाई समेत सहभागि गराइनेछ ।

८०. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत नगरपालिकामा सूचीकृत भएका बेरोजगार ब्यक्तिलाई रोजगारी प्रदान गरिनेछ । रोजगारीलाई स्थानीय उत्पादनसँग जोडेर कार्यक्रमको कार्यान्वयन गरिनेछ ।

८१. विदेशबाट फर्किएका तथा रोजगारीको खोजीमा रहेका व्यक्तिहरुको तथ्याङ्क सङ्कलन तथा तिनीहरुमा रहेको सिपको विवरण समेत अद्यावधिक गरी त्यस्तो जनशक्तिलाई स्थानीय तह भित्र उपलब्ध हुने निर्माण सेवा, व्यवसाय, उद्योग, कृषि लगायतका क्षेत्रमा रोजगारदातासँग समन्वय गरी रोजगारी प्रदान गर्न सहजीकरण गरिनेछ ।

**नगरसभा सदस्यज्यूहरू,**

८२. नगरपालिका क्षेत्रभित्रका विपन्न परिवारका सूचीमा रहेका घरपरिवारको आर्थिक अवस्था सुधार गर्न**गरिवी निवारणका लागि ब्यवसाय सञ्चालन** कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८३. विपन्न परिवारलक्षित गरिवी निवारणका लागि ब्यवसाय सञ्चालन कार्यक्रम, गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम तथा गरिवसँग विश्वेवर कार्यक्रमलाई एकीकृत रूपमा सञ्चालन गर्ने ब्यवस्था मिलाइनेछ ।

८४. स्थानीय स्रोत साधनको उपयोग गरी कृषि तथा गैरकृषि उत्पादन, प्रशोधन, रोजगारी सिर्जना र स्थानीय समृद्धिको आधारको रूपमा लघु, घरेलु, साना तथा मझौला उद्यमहरुलाई अभियानको रूपमा विस्तार गर्न अभिप्रेरित गरिनेछ ।

८५. धनकुटा नगरपालिका कार्यालय तथा कार्यालय मातहतका निकायहरुमा स्थानीय कच्चा पदार्थमा आधारित भएर उत्पादन भएका बस्तुहरुको प्रयोगलाई अनिवार्य गरिनेछ ।

८६. नगरक्षेत्र भित्रवसोवास गर्ने भूमीहिन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित वसोवासीको समस्या समाधानका कार्यलाइ यथासक्य अगाडी वढाइने छ ।

८७. स्वदेशी तथा विदेशी सहरहरुसँग भगिनी सम्बन्ध विस्तार गर्न प्रयत्न गरिनेछ

८८. नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने जात्रा पर्वहरूलाई अन्तर्राष्ट्रियस्तरमा परिचित गराई पर्यटन प्रवर्द्धन गरिनेछ।

**वातावरण, फोहरमैला तथा विपद् ब्यवस्थापन**

八十九. प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ्य वातावरण बाँच्न पाउने हकलाई मौलिक हकको रूपमा संविधानमा उल्लेख गरिएको छ । वातावरणीय स्वच्छता कायम गर्ने विषय संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार क्षेत्र भित्रको पर्ने भएकोले प्रदूषण नियन्त्रण, फोहोमैला व्यवस्थापन र हरियाली प्रवर्दन गर्दै स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने नागरिक अधिकारको सुनिश्चितता गर्न नगरले प्राथमिकताका साथ कार्य गर्नेछ ।

九十. धनकुटा नगरपालिका देशकै सफा सहरको रूपमा परिचित छ । फोहरमैला ब्यवस्थापनको लागि सल्लेरी स्थित फोहरमैला ब्यवस्थापन केन्दको स्तरोन्नती तथा ब्यवस्थापन गरिने छ ।

九十一. फोहरमैला ब्यवस्थापन केन्द्रलाई सिकाई केन्द्रको रूपमा विकास गर्न प्रयत्न गरिनेछ ।

九十二. सार्वजनिक ढल व्यवस्थापन तथा दिसाजन्य लेदो व्यवस्थापनका लागि प्रशोधन प्रणालीको स्थापना कार्यका लागि पहल गरिनेछ

九十三. फोहरको उत्पादन स्रोतमा नै वर्गीकरण गरी व्यवस्थापन र फोहोरलाई मोहरमा रुपान्तरण गर्दै उर्जा र जैविक मल उत्पादन गर्न सार्वजनिक निजी साझेदारी कार्यक्रमका लागि पहल गरिनेछ

九十四. ल्याण्डफिल्ड साइट प्रभावित क्षेत्रका वासिन्दाहरुको लागि विशेष कार्यक्रमको ब्यवस्था गरिनेछ । पहुँचमार्गको स्तरोन्नती कार्य अघि बढाइने छ ।

九十五. नगर क्षेत्रमा भएका भुस्याहा कुकुर तथा जंगली जनावर नियन्त्रण लागि आवश्यक क्रियाकलापहरू सञ्चालन गरिनेछ । छाडा पशुहरु नियन्त्रण र घरपालुवा पशुहरु वेवारिसे छाड्ने व्यक्तिको पहिचान गरी जरिवाना गरिनेछ ।

九十六. नगरपालिकामा रहेको नगरस्तरीय विपद् व्यवस्थापन कोषमा रकम ब्यवस्थापन गरिने छ । नगरस्तरीय विपद व्यवस्थापन समितिलाई क्रियाशील बनाइने छ । जनस्तरमा पूर्व तयारी तथा प्रतिकार्यको अभ्यास गर्दै जाने नीति लिइनेछ ।

九十七. नगरका सबै टोल तथा वस्तीमा एम्वुलेन्स र दमकल आवत जावत गर्न मिल्ने गरी तोकिएको सडकको मापदण्ड कार्यान्वयन गरिनेछ ।

九十八. वाढी पहिरो आगलागी जस्ता प्राकृतिक प्रकोपवाट प्रभावितलाई तत्काल राहत, औषधोपचार, खानपान, लत्ताकपडा उपलव्ध गराउनको लागि तयारी गरिनेछ भने विपद् व्यवस्थापन कोषको बृद्धिको लागि सार्वजनिक निजि साझेदारी र गैरसकारी संस्थाहरु सँग समन्वय गरिने छ ।

九十九. नगरमा रहका सार्वजनिक शौचालयहरु सञ्चालन तथा ब्यवस्थापनका लागि टोल विकास संस्थालाई जिम्मेवार बनाइनेछ ।

一百. वारुणयन्त्रको सवारीचालक २४ सै घण्टा तयारी अवस्थामा रहने व्यवस्था मिलाईने छ ।

一百〇一. भूमिगत पानीका श्रोतहरू संरक्षणका लागि रिचार्ज पोखरीको निर्माण कार्यलाई उच्च प्राथमिकता दिइनेछ।

**सार्वजनिक सेवा प्रवाह र सुशासन**

一百〇二. नगर सरकारको सेवालाई जनमुखी, सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउदै लैजानु आजको आवश्यकता हो । जनशक्तिको समुचित व्यवस्थापन गर्दै जवाफदेही, जिम्मेवारीपूर्ण र जनमैत्री व्यवहार आम नागरिकको अपेक्षा हो । आगामी दिनमा नगरको प्रशासनिक सरंचना, जनशक्ति, कार्यशैली, कार्यविधि र प्रक्रिया नयाँ प्रविधि, ज्ञान, सीप र क्षमतामा आधारित नागरिक पहुँचयोग्य बनाउदै लगिनेछ ।

一百〇三. सामाजिक परिचालक र नगर प्रहरीको स्थायित्वका लागि पहल गर्दै कार्यरत इमान्दार, दक्ष र अनुभवी अस्थायी तथा सेवा करारमा रहेका कर्मचारीहरुलाई आवश्यकता र औचित्यको आधारमा सेवामा निरन्तरता दिइनेछ ।

一百〇四. दिगो विकास लक्ष्य (SDGs) प्राप्तिका लागि सूचकगत क्रियाकलाप सञ्चालनमा जोड दिइनेछ । दातृनिकायहरुसँग संस्थागत समन्वय र सहकार्यको लागि पहल गरिनेछ ।

一百〇五. नगरवासीका आवश्यकता तथा समस्याहरुलाई घरदैलोमा पुगी समाधान गर्ने हेतुले सञ्चालनमा रहेको जनतासँग मेयर कार्यक्रमलाई निरन्तरता दिइने छ ।

一百〇六. नगरपालिकाका प्रत्येक वडा कार्यालयहरुको ब्यवस्थापन गर्दै आफ्नै भवन बाट कामकाज गर्न भवन निर्माण कार्यलाइ निरन्तरता दिइनेछ ।

一百〇七. उत्कृष्ट कार्य गर्ने कर्मचारी, करदाता, उपभोक्ता समिति, टोल विकास संस्था, सरसफाइकर्मी, संचारकर्मीलाई पुरस्कृत गर्ने पद्धतिलाई निरन्तरता दिईने छ ।

一百〇八. सार्वजनिक सुनुवाई र सामाजिक परीक्षणलाई प्रभावकारी रूपमा अगाडि वढाईनेछ । गुनासो व्यवस्थापनलाई प्रभावकारी बनाईनेछ

一百〇九. न्यायिक समितिको प्रभावकारीता अभिवृद्धि गरिनेछ ।

一百一十. कार्यलय हाता भित्र सबैले देख्न र पढ्न सक्ने गरी नागरिक वडापत्रको व्यवस्था मिलाइनेछ ।

一百一十一. सार्वजनिक स्थल तथा पार्कहरुमा फ्रि वाईफाईको ब्यवस्थालाई निरन्तरता दिइनेछ ।

**आर्थिक प्रशासन तथा सार्वजनिक खर्च व्यवस्थापन**

一百一十二. उपभोक्ता समिति, टोल बस्ती समूह, आमा समूह, युवा क्लब जस्ता गैह्र नाफामुलक संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धिका साथै संस्थाहरूलाई दर्ता गर्ने प्रबन्ध मिलाइनेछ । करको दायरामा ल्याउन अनिवार्य स्थायी लेखा नम्बर लिने, लेखा परीक्षण गराउने, कर चुक्ता प्रमाण पत्र लिने जस्ता कार्यहरू गर्ने व्यवस्था मिलाइ पालिकामा अभिलेखिकरण गरिनेछ ।

一百一十三. नगरपालिकाबाट प्रदान हुने योजना/कार्यक्रम तथा अनुदान कार्यक्रमलाई व्यवस्थित गर्न सरकारी तथा गैरसरकारी संस्थाको प्रतिवेदन र कार्य सम्पादनका आधारमा बजेट विनियोजन तथा कार्यक्रमहरू प्रदान गरिनेछ ।

一百一十四. नगर सभाबाट स्वीकृत बजेट तथा कार्यक्रमहरुको रकमान्तर, कार्यक्रम संशोधन तथा कार्यक्रम परिवर्तनलाई निरूत्साहित गरिनेछ । सभाबाट पारित भएका कार्यक्रमहरु औचित्यताका आधारमा रकमान्तर, संशोधन वा परिवर्तन गर्नु परेमा कार्यपालिकाले निर्णय वमोजिम स्थानिय संचित कोष व्यवस्थापन प्रणाली(SuTRA) मा रकमान्तर, संशोधन वा परिवर्तन गरि प्रविष्ट भए पश्चात मात्र भुक्तानी हुने व्यवस्था गरिनेछ ।

一百一十五. सार्वजनिक खर्चलाई मितव्ययी, औचित्यपुर्ण र प्रभावकारी बनाउन नगरपालिकाले आयोजना गर्ने विभिन्न दिवस, अभियान, अवसर, मेला र कार्यक्रमहरू जस्ता विभिन्न कार्यहरू नगरपालिका केन्द्रले आयोजना गर्ने भएमा अन्य वडा कार्यालय, सरकारी तथा गैरसरकारी संस्था, विभिन्न संगठनहरुलाइ बजेट विनियोजन गरिने छैन । यस्ता कार्यक्रम केन्द्रबाट संचालन हुने भएमा कार्यक्रमहरूलाई थप प्रभावकारी, पहुँच योग्य र सहभागितामुलक बनाइनेछ ।

一百一十六. चालु खर्चलाई मितव्ययी बनाउन धनकुटा नगरपालिकाको खर्चको मापदण्ड, २०७७ को सिमा भित्र रही पालिकाले कर्मचारीहरु तथा इन्धन लिने अन्य सबैलाई प्रदान गर्दै आएको इन्धन वापतको कुपन सुविधालाई मासिक पारिश्रमिकमा थप गरी नगदमा प्रदान गर्ने ब्यवस्था मिलाइनेछ ।

一百一十七. सवारी साधन मर्मत वापत सुविधा पाउने रकम वर्षमा १ पटकका लागि मात्र प्रदान गरिनेछ।

一百一十八. **"कर डर होइन, नगर विकासको भर हो"** भन्ने तथ्यलाई आत्मसाथ गर्दै सबै प्रकारका आर्थिक क्रियाकलापहरुलाई राजस्व प्रशासनको दायरा ल्याईनेछ । पालिकाले आन्तरिक श्रोतको दिगो ब्यवस्थापन गर्दै स्रोत परिचालन गर्न आवधिक स्रोत परिचालन रणनैतिक योजना स्वीकृत गरी लागू गरिनेछ । कर छली र चुहावट नियन्त्रण गरी कराधार फराकिलो बनाउदै लगिनेछ । नगरकार्यपालिकाको कार्यालयबाट संकलन गरिने कर सम्बन्धी सम्पूर्ण कारोवार वडा कार्यालय मार्फत संचालन गरिनेछ ।

一百一十九. नगरपालिकामा हाल लागू गरिएको अन्लाइन राजस्व प्रणालीलाई महालेखा नियन्त्रक कार्यालयबाट सुरु गरिएको राजस्व मोड्यूलबाट संचालन गरिनेछ । राजस्व प्रणालीमा कर नतिर्ने, कर वक्यौता राख्ने तथा पटक पटक सूचना प्रवाह गर्दा समेत अटेर गर्ने करदाताको एकीकृत विवरण राजस्व प्रणालीमा आवद्ध गरिनेछ । यस्ता करदाताको लागि वडा तथा नगर कार्यपालिकाबाट सेवा सुविधा दिनु पूर्व अनिवार्य रूपमा बाँकी कर वक्यौता भूक्तानी गर्न लगाउने नीति लिईनेछ ।

一百二十. राजस्व प्रशासनलाई थप प्रभावकारी र प्रविधिमैत्री बनाउन कर्मचारीहरुका लागि थप तालिमका साथै प्रविधि सुधार र क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

一百二十一. आर्थिक अनुशासन, शुन्य बेरुजुको नीति लिईनेछ । लेखा समिति क्रियाशिल वनइ कार्ययोजना सहित साल वसाली रूपमा रहदै आएको पुरानो पेश्की बेरुजु फस्यौंटलाई प्रभावकारी

बनाइनेछ । नगरपालिकाबाट खर्च व्यवस्थापन गर्दा आर्थिक वर्ष समाप्त हुँदा शून्य पेश्की र शून्य बेरुजुको सिद्धान्तलाई व्यवहारमा लागू गर्ने नीति लिइनेछ ।

一百二十二. नगरपालिकाबाट योजना सञ्चालन गर्दा पेश्की दिने क्रमलाई शून्य गरी रनिङ्ग बिल र कार्य प्रगतिको आधारमा भूक्तानी गरी कार्य प्रकृयामा सरलीकृत गर्दै शून्य पेश्की बेरुजुका लागि प्रयत्न गरिनेछ । पुरानो पेश्की बेरुजु भएको पक्ष वा व्यक्ति मार्फत भौतिक पूर्वाधार विकास, लक्षित वर्गको कार्यक्रम तथा उपभोक्ता समितिको कार्य नगर्ने नगराउने नीतिलाइ कडाईका साथ पालना गरिनेछ।

一百二十三. भौतिक पूर्वाधार तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न कर्मचारी जनप्रतिनिधलाइ अव उप्रान्त कार्यक्रम सञ्चालन पेश्कि उपलब्ध गराइने छैन । कार्यक्रम सम्पन्न पश्चात बिल भर्पाईका आधारमा भुक्तानी दिइने नीतिलाइ कडाइका साथ पालना गरिनेछ

一百二十四. सडक बत्ती व्यवस्थापनमा टोल विकास सँस्थालाई जिम्मेवार बनाई टोल विकास सँस्थाको अपनत्व विकासमा समेत सहयोग पुर्याउन टोल विकास सँस्थालाइ निश्चित प्रतिशत सडक वत्ती महशुल अनुदान उपलव्ध गराइ वाकी रकम टोल विकास सँस्थालेनै व्यहोरी सडक वत्ती महशुल भुक्तानी गर्ने व्यवस्था मिलाइने छ ।

नगरसभा सदस्यज्यूहरू

一百二十五. प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट आर्थिक र सामाजिक रूपमा पछि परेका वर्गहरूको जीविकोपार्जनमा सहयोग पुग्ने अपेक्षा लिएको छु, सबैले घरदैलोमा सरकार भएको प्रत्याभूति गर्न सक्नेछन्, आर्थिक क्रियाकलापहरू गतिशिल हुनेछन्, पारस्परिक सम्मान र अवसरसहित सामाजिक न्याय कायम हुनेछ, धनकुटा नगरः स्वच्छ, सुन्दर, समुन्नत सहरको आकांक्षा पूरा गर्न योगदान पुग्नेछ ।

一百二十六. यी नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा नगरलाई सबैबाट सक्रिय सहयोग हुने विश्वास लिएको छु ।

一百二十七. अन्त्यमा, नगरको समग्र विकासमा योगदान गर्ने सम्पूर्ण जनप्रतिनिधि, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, संघसंस्था, सञ्चारकर्मी, नागरिक समाज तथा नगरवासी महानुभावहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

一百二十八. धन्यवाद !

चिन्तन तामाङ
प्रमुख
मितिः २०८१/०२/३२